एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
Consistent, Strong & Dependable
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)

EBL/HO/SH/097 /082-83

मिति : २०८२/०६/१२

श्री नेपाल स्टक एक्सचेन्ज
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

**बिषय : शेयर दाखिल खारेज बन्द (Book Close) सम्बन्धमा**

महोदय,

यस बैंकको आर्थिक बर्ष २०८१/८२ को बार्षिक साधारण सभा गर्ने प्रयोजनका लागि साधारण शेयरको शेयरधनी दर्ता किताब मिति २०८२ साल आश्विन २४ गते बन्द रहने ब्यहोराको सूचना कारोबार राष्ट्रिय दैनिकमा मिति २०८२/०६/१२ मा प्रकाशित भएको ब्यहोरा अवगत गराउँदछौं ।

मिति २०७४/०५/३० को नेपाल स्टक एक्सचेन्ज लि. को परिपत्र बमोजिम देहाएका बिबरणहरु निम्न अनुसार रहेको छ ।

नगद लाभांश प्रतिशत (कर प्रयोजन समेत) : १४ % (चौध प्रतिशत)
रु. १,८१,२२,५७,१९८.०० (रु. एक अर्ब एकासी करोड बाईस लाख सन्ताउन्न हजार एक सय अन्ठानब्बे मात्र)

बोनस शेयर प्रतिशत : ६ % ( छ प्रतिशत)
रु. ७७,६६,८१,६५६.०० ( रु. सतहत्तर करोड छैसठ्ठी लाख एकासी हजार छ सय छपन्न मात्र)

**शेयर दाखिल खारेज मिति (Book Close Date) : २०८२ साल आश्विन २४ गते**

हालको चुक्ता पुँजी : रु १२,९४,४६,९४,२६८.००

बार्षिक साधारण सभाको मिति : २०८२/०७/१२

भवदिय,

(सुरेश चापागाई)
कम्पनी सचिव

EVEREST BANK LTD. Head Office Kathmandu

बोधार्थ :

१) नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर

२) श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. पुतलीसडक काठमाण्डौं ।

# एभरेष्ट बैंक लिमिटेडको
# ३१ औं बार्षिक साधारण-सभा सम्बन्धी सूचना

यस बैंकको मिति २०८२ साल आश्विन ९ गते बसेको संचालक समितिको ३८९ औं बैठकको निर्णय अनुसार ३१ औं बार्षिक साधारण-सभा देहायको मिति, स्थान र समयमा निम्न प्रस्ताव उपर छलफल गर्न बस्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति : २०८२ साल कार्तिक १२ गते बुधबार तद्नुसार २९ अक्टोबर २०२५**
**स्थान : आम्रपाली ब्यांक्वेट, भाटभटेनी, काठमाण्डौ**
**समय : बिहान ११:०० बजे**

**बैंकको ३१ औं बार्षिक साधारण–सभाको छलफलको बिषयसुची**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्युको प्रतिवेदन ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०८२ साल आषाढ ३२ गतेको वासलात, सोही मितिमा समाप्त आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने,
३. मिति २०८२/०५/१९ मा बसेको सञ्चालक समितिको ३८७ औं बैठकले, शेयरधनीहरुलाई निम्न बमोजिम बोनस शेयर तथा नगद लाभांश प्रदान गर्न सिफारिस गरेकोले सो प्रस्ताव छलफल गरी पारित गर्ने,
   (क) ६% का दरले बोनस शेयर जारी गर्ने बिशेष प्रस्ताव,
   (ख) १४% नगद लाभांश (बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिसलाई छलफल गरी पारित गर्ने,
४. प्रबन्धपत्र तथा नियमावली संशोधन सम्बन्धि बिशेष प्रस्ताव पारित गर्ने,
   बैंकले प्रस्तावित बोनस शेयर जारी भएपश्चात पूँजी बृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्ने ।
५. आ.ब.२०८२/८३ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।
६. विविध

संचालक समितिको आज्ञाले,
(कम्पनी सचिव)

**शेयर दाखिल खारेज किताब बन्द रहने**

साधारण सभा प्रयोजनका लागि मिति २०८२/०६/२४ गते एकदिन बैंकको शेयरधनी दर्ता किताब बन्द गरिनेछ ।

**नोट**

१) सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र वा शेयर अभौतिकरण गरिसकेका शेयरधनीहरुको हकमा हितग्राही (DEMAT Account) नम्बर, DEMAT Statement र आफ्नो परिचय खुल्ने (जस्तै: नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचय पत्र) अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।
२) नगद लाभांश सम्बन्धित शेयरधनी महानुभावहरुको बैंक खातामा जम्मा गर्ने प्रयोजनका लागि आफ्नो बैंक खाता हितग्राही (DEMAT Account) नम्बरमा अद्यावधिक गरिदिनु हुन शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछौं ।
३) साधारण सभाको हाजिरी पुस्तिका १०:०० बजे देखी खुल्ला रहने छ र अपरान्ह १२:०० बजे बन्द गरिने छ ।